नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
# वन विभाग

☎ ४-२२७५७४, ४-२२०३०३, ४-२२१२३१, ४-२१६३७९, ४-२२१७४४
फ्याक्स : ४-२२७३७४
(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)
बबरमहल,
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या :- ०७४/०७५
च. नं. :- ८२०

नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय वन विभाग बबरमहल, काठमाडौं

मिति : २०७४/१०/१७

विषय : संशोधन सम्बन्धमा ।

श्री जिल्ला वन कार्यालय
सवै ।

प्रस्तुत विषयमा स्वीकृत पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजनामा उल्लेख भए बमोजिमका कार्यक्रमहरु जिल्ला वन कार्यालयहरुबाट कार्यान्वयन हुदै आइरहेको र यस सम्बन्धमा वन नियमावली २०५१ को परिच्छेद-२ को नियम (५) अनुसार कार्ययोजना संशोधन गर्न सक्ने प्रावधान रहेको छ । यस सम्बन्धमा जिल्लाको स्वीकृत पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना कायम रहकै अवधिमा कार्ययोजनामा गैह्रकाष्ठ/जडिबुटी प्रजातिहरु संशोधनका लागि जिल्ला वन कार्यालयहरुबाट यस विभागमा फाइल पेश हुन आईरहेको सन्दर्भमा तपसिलमा उल्लेख भए बमोजिम कार्यान्वयन हुन वन विभागको मिति २०७४/१०/१७ को निर्णयानुसार अनुरोध छ ।

**तपसिल**

१. सरकारद्धारा व्यवस्थित वन क्षेत्रबाट प्राप्त हुने गैह्रकाष्ठ तथा जडिबुटीजन्य पैदावारहरुको परिमाण संशोधन गर्नुपरेमा उक्त प्रजातिको स्रोत सर्वेक्षण (Inventory) गरी प्राप्त संचिति मौज्दात (Growing Stock) को आधारमा संभाव्य कटान चक्र (Rotation period) सहितको वार्षिक संकलन गर्न सकिने परिमाण (Annual Harvestable amount) उल्लेख गर्नुपर्ने ।

२. सामुदायिक वनहरुबाट संकलन गरिने परिमाण संशोधनको लागि सम्बन्धित सामुदायिक वनहरुको नाम, ठेगाना समेत खुल्ने गरी उक्त सामुदायिक वनको स्वीकृत कार्ययोजनामा उल्लेखित संचिति मौज्दात परिमाण (Growing stock), संभाव्य कटान चक्र (Rotation period), वार्षिक संकलन गर्न सकिने परिमाण ( Annual Harvestable amount) उल्लेख गर्नुपर्ने ।

३. उपरोक्त अनुसारका विवरणहरु (नक्शा समेत) समावेश गरी कार्ययोजनामा भएको परिमाण उल्लेख गरि संशोधन गर्नुपर्नाको कारण सहित वातावरण ऐन नियमावली समेतको आधारमा जिल्ला वन अधिकृतको एकीन रायसाथ वन विभागमा पेश गर्नुपर्ने ।

०७४।१०।१८

ईश्वरी प्रसाद पौडेल
वातावरण अधिकृत

**बोधार्थ**
श्री क्षेत्रीय वन निर्देशनालय,
५ वटा सबै : जानकारीको लागि अनुरोध छ ।